कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

जाजरकोट
नेपाल

## औधोगिक ग्राम निर्माण सम्बन्धी प्रस्ताव आव्हन

## प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०७।२३

श्री ७ वटै स्थानीय तहहरु
जाजरकोट ।

यस कार्यालयको चालु आ.व.२०७७।०७८ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम औधोगिक ग्राम निर्माण गर्नुपर्ने भएकोले ईच्छुक स्थानीय तहहरुबाट देहाय बमोजिमको विवरण सहित १५ पन्ध्र दिन भित्र कार्यविधिको अनुसूची -१ (एक) बमोजिम प्रस्ताव आव्हान गरिएको छ । साथै विस्तृत जानकारीको लागि औधोगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधी समेत प्रत्येक स्थानीय तहको ईमेल ठेगानामा पठाईएको व्यहोरा अनुरोध छ ।

तपसिल

१. औधोगिक ग्राम निर्माणको लागि एकै ठाउँमा कम्तिमा ३० रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्ने । तर सिंचाई सुविधा भएको उर्वर भुमी, घना बनजंगल तथा भौगोलिक रुपमा जोखिमयुक्त स्थानलाई छनोट गर्न सकिने छैन ।
२. घना मानव बस्तीदेखी कम्तिमा १(एक) किलोमिटर टाढा हुनुपर्ने ।
३. छनोट गरिने जग्गामा कुनै किसिमको विवाद नभएको भनि स्थानीय तहको प्रतिवद्धता ।
४. कार्यपालिकाको निर्णयबाट स्थानीय तहले व्यहोर्ने लागत सहभागिताको अंश ।
५. प्राविधिक, प्रशासनिक एवं अनुगमन मुल्याङ्कन कार्यमा आवश्यक सहयोगको लागि प्रतिवद्धता ।

नि. कार्यालय प्रमुख

Scanned with CamScanner